# बेलका नगरपालीका

## नगर कार्यपालिकाको कार्यालय

रामपुर, उदयपुर

## शिलबन्दी दरभाउ-पत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७५।०५।२३)

यस कार्यालयबाट तपशिलमा उल्लेखित निर्माण कार्यहरुको ठेक्का शिलबन्दी दरभाउ पत्रद्वारा गराउनु पर्ने भएको हुदा खरीद सम्बन्धी कार्यहरु गर्न नेपाल सरकारबाट ईजाजत प्राप्त ईच्छुक निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही तोकिएको समय भित्र रीतपूर्वकको शिलबन्दी दरभाउ-पत्र आव्हान गरिएको छ ।

१. शिलबन्दि दरभाउ पत्र प्रथम पटक प्रकाशित मितिले १५ दिन भित्र कार्यालय समयमा नविकरण भएको ईजाजतपत्र, मुल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र, गत वर्ष सम्मको कर चुक्ता प्रमाणपत्र र अन्य निर्माण कार्य संग संबन्धित अनुभव सम्बन्धी कागजात सहितको प्रमाणित प्रतिलिपीहरु संलग्न राखि निवेदन साथ रु १००० दस्तुर फिर्ता नहुने गरि वेलका नगरपालिका कार्यालय वा वेलका न पा वडा नं. ९ को कार्यालयमा बुझाई सम्बन्धित निर्माण व्यवसायी वा आफ्नो आधिकारीक प्रतिनिधी पठाई खरिद गर्न सकिने छ ।

२. दरभाउ-पत्र कागजातहरु अध्ययन गरि उल्लेखित सबै विवरणहरु अनिवार्य रुपमा प्रष्टसंग भरि सम्बन्धित निर्माण व्यवसायी वा तोकिएको आधिकारिक प्रतिनिधीले दरभाउ-पत्र संम्बन्धी कागजातको प्रत्येक पानामा दस्तखत र फर्मको छाप लगाई खाममा शिलबन्दी गरी खाम बाहिर स्पष्ट संग फर्मको नाम ,ठेगाना र सम्पर्क टेलिफोन नम्बर तथा कामको नाम समेत लेखि १६ औं दिनको अपरान्ह १२.०० बजे यस कार्यालय वा वेलका न पा वडा नं. ९ को कार्यालयमा दर्ता गरि सक्नु पर्ने छ । यसरी दाखिला भएका शिलबन्दि दरभाउ पत्र फारम सोही दिनको २.०० बजे उपस्थित दरभाउ-पत्रदाता तथा निजको आधिकारीक प्रतिनिधीको रोहबरमा खोलिने छ । दरभाउ-पत्रदाता तथा निजको आधिकारीक प्रतिनिधीहरु अनुपस्थित रहेमा शिलबन्दि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन ।

३. शिलबन्दि दरभाउ पत्र साथ आफुले कबोल गरेको अंकको तोकिएको प्रतिशतले हुने दरभाउ-पत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा ७५ दिन म्याद भएको कुनै बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेका सकल बैंक जमानीपत्र (Bid Bond) वा यस कार्यालयको नाममा रहेको रा.वा. बैंक, शाखा कार्यालय, गाईघाट स्थित धरौटी खाता नं. २०९०३०३००७१०५ (धरौटी) मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर पेशगर्नु पर्ने छ ।

४. कार्यालयबाट प्रमाणित शिलबन्दि दरभाउ पत्र पुस्तिकामा दरभाउ-पत्र निशर्त, केरमेट नभएको कुनै थप घट वा द्रष्टव्य नलेखिएको हुनु पर्ने छ । रित नपुगेको, शिलबन्दि भई नआएको, समय भित्र प्राप्त नभएको, सूचनाको शर्त विपरित र उल्लेखित लागत अनुमान भन्दा बढी भएको शिलबन्दि दरभाउ पत्र मान्य हुने छैन ।

५. शिलबन्दि दरभाउ पत्र भर्दा मूल्य अभिबृद्धी कर बाहेकको दररेट दर बिश्लेषण गरि स्पष्टरुपमा अंक र अक्षर दुवैमा अनिवार्य भर्नु पर्ने छ । अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईने छ । शिलबन्दि दरभाउ पत्र दाताले गर्नु पर्ने काम र निर्माणस्थल संबन्धी राम्रो संग बुझि दररेट भरेको मानिने छ ।

६. शिलबन्दि दरभाउ पत्र खरिद वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन सोही समय भित्र खरिद तथा दाखिला गर्न सकिने छ ।

७. जुन फर्मको नामबाट शिलबन्दी दरभाउ-पत्र खरिद गरिएको हो सोही फर्मको नामबाट मात्र शिलबन्दि दरभाउ पत्र दखिला गर्नु पर्ने छ ।

८. शिलबन्दी दरभाउ पत्रसाथ पेश गरेको प्रतिलिपी कागजातहरु आवश्यक परेमा सक्कलै माग गरि जाँचिने छ । नक्कली कागजात प्रस्तुत गरेको पाईएमा निज शिलबन्दी दरभाउ पत्रको शिलबन्दि दरभाउ पत्र रद्द गरि सो फर्मलाई कालो सुचीमा राखिने छ र सोको लिखित जानकारी संबन्धित निकाय सबैमा दिईने छ ।

९. शिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयलाई हुनेछ ।

१०. यस सुचनामा उल्लेख नभएका विषयमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ र प्रचलित कानून बमोजिम तथा अरु थप बुदाहरु शिलबन्दि दरभाउ पत्र पुस्तिकामा उल्लेख भए बमोजिम हुने छ ।

११. शिलबन्दी दरभाउ पत्र संबन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा संपर्क राख्न सकिने छ ।

### शिलबन्दी दरभाउ पत्रको विवरण

| सि. नं | ठेक्का नं. | कामको विवरण | ला.अ.(मु.अ.क.र कन्टेन्जेन्सी बाहेक) | शिलबन्दी दरभाउ पत्र फारम दस्तुर | धरौटी रकम रु. |
|---|---|---|---|---|---|
| १ | ०३।०७५।०७६ | सभाहल निर्माण कार्य | रु. १७,००,०००।- | १०००।- | ५१०००।- |

प्रमुख प्रशासकीय अधिकृत